**बैठक संख्या : ८८**

आज मिति २०७८/१०/११ गते.........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता घिमिरे | कार्यपालिका सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारु | कार्यपालिका सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री पदमराज श्रेष्ठ | सामाजिक विकास अधिकृत | |
| २६ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २७ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २८ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |

**बैठकका प्रस्तावहरू :**

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।

२. ११औँ नगरसभामा पेश गर्ने विषयवस्तु को छलफल सम्बन्धमा ।

3. समसामायिक विविध ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०८/२६ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा कार्यालयहरूबाट संशोधनका लागि आएका योजनाहरू त्था केहि योजनाहरू थप गर्ने गरी तयार गरिएको विनियोजन ऐन, २०७८ तथा पूरक विनियोजन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

3. मिति २०७८/०८/२६ को कार्यापालिका बैठकबाट जिल्ला समन्वय समितिमा माग गर्ने निर्णय भएका योजनाहरू कार्यविधिको मापदण्डमा नपरेका देखिएकोले सोको सट्टामा निम्न योजनाहरू नगरपालिका तथा जिल्ला समन्वय समितिको साझेदारीमा सञ्चालन हुने गरी माग गर्ने निर्णय गरियो ।

क) गुम्बा प्रा.वि. डेरवा वडा नं. 3 को अधुरो भवन निर्माण ।

ख) बुद्ध पद्यम मा.वि. वडा नं. २ को अधुरो भवन निर्माण ।

ग) प्रा.वि. पिपरहवा वडा नं. १२ को अधुरो भवन निर्माण ।

घ) वडा नं. ८ को कार्यालय भवन निर्माण ।

ङ) श्री कृति आधारभूत विद्यालय महुवा भवन निर्माण क.व.न.पा. ४ ।

४. कपिलवस्तु नगरपालिकाका कर्मचारीको अवकाश कोष सञ्चालन कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

५. कार्यालयले खरिद गरेको एम्बुलेन्स सम्बन्धित स्थानमा आइसकेको तर कार्यालयमा आउन तथा भुक्तानीको लागि केहि दिन लाग्ने भएको हुँदा प्राइम अटोटेक प्रा.लि.लाई २०७८ फाल्गुन १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

६. दीपनगर कृषि सहकारी संस्थाले कृषि सामग्री संस्थाको डिलरसीप माग गरेको हुँदा निजलाई उक्त डिलससिप प्रदान गर्ने निर्णय गरियो ।

७. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७८/०८/२७ च.नं. १२०४ को पत्रबाट माग भए बमोजिम यस कार्यालयमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको लागि आगामी आ.व. २०७९/०८० मा उक्त जनशक्तिलाई आवश्यक परिश्रमिकको ५० प्रतिशत रकम नगरपालिकाबाट साझेदारी गर्ने प्रतिबद्धता प्रदान गर्ने निर्णय गरियो ।

८. यातायात व्यवस्था सेवा कार्यालय तौलिहवामा स्थापना गरी सेवा सञ्चालन गर्ने प्रयोजनार्थ हाल अन्य उपयुक्त स्थान नभेटिएको हुँदा तत्काल अन्य व्यवस्था नभए सम्मको लागि नगरपालिकाको अतिथि गृहको माथिल्लो तल्ला उक्त कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

मिति: २०७८।१०।११

९. जिल्ला समन्वय समितिको मिति २०७७/०६/२८ च.नं. १५१ को पत्रबाट निर्णयको लागि अनुरोध भइ आएको सम्दर्भमा निज ढुङ्गनाथ बढई तथा सो संग सम्बन्धित ट्रेक्टरको नगरपालिकासंग कुनै सम्बन्ध नरहेको तथा नगरपालिकाबाट सो संग सम्बन्धित राजस्व वा धरौटी लिन पत्राचार समेत नगरेको देखिदा तहाँ रहेको धरौटी रकम कानून बमोजिम फिर्ता दिन मिल्ने भएमा निजलाई फिर्ता गर्न सिफारिस गर्ने निर्णय गरियो ।

१०. कपिलवस्तु नगरपालिकाको भवन आचार संहिता मापदण्डमा केहि दफाहरूमा संशोधन गर्नु पर्ने देखिएकोले संशोधित बुँदाहरू स्वीकृतार्थ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

११. विगत वर्ष देखि नै कोभिड-१९ को संक्रमणलाई नियन्त्रण तथा विरामीहरूको उपचारमा पुर्‍याएको योगदान वापत कपिलवस्तु नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश प्रसाद गुप्तालाई ११औं नगरसभाबाट सम्मान गर्ने निर्णय गरियो ।

१२. कपिलवस्तु नगरपालिकाका सम्पूर्ण जनप्रतिनीधिहरूलाई हाल सम्म नगरपालिकाको सर्वाङ्गिण विकासमा पुर्‍याएको योगदान स्वरूप ११औं नगरसभाबाट कदर पत्र प्रदान गर्ने निर्णय गरियो ।

१३. सडक विस्तारको क्रममा कपिलवस्तु नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवनको वाउण्ड्रीवाल भत्काइएकोमा वडा कार्यालय भवनको सुरक्षा हेतु तत्काल बाउण्ड्रीवाल निर्माण गर्नु पर्ने आवश्यक देखिएकोले उक्त निर्माण कार्य ठेक्का प्रक्रियाबाट गराउदा समय लाग्ने हुँदा तत्काल उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

निर्णय प्रमाणित ।
२०७८।१०।११
प्रमुख प्रशासकीय अधिकृत